म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २२८ आइतबार १३ चैत २०७८ दशमी ने. सं. ११४२ चिल्लागा 27 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रोटरी क्लबको भवन उद्घाटन

हेटौंडा, १२ चैत/ रोटरी क्लब अफ हेटौंडाको पाँच तले भवनको शनिबार उद्घाटन गरिएको छ ।

हेटौंडा-४ मा निर्माण भएको रोटरी क्लब अफ हेटौंडाको भवनको शनिबार उद्घाटन गरिएको हो । हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले भवनको उद्घाटन गरेका थिए । ५ वर्ष अगाडि शिलान्यास भएको भवन १५ धुर जग्गामा निर्माण भएको छ । कूल एककरोड ४६ लाख १० हजार रुपियाँ लागतमा भवन निर्माण गरिएको जनाइएको छ । भवन निर्माणका लागि उपमहानगरपालिकाले एककरोड दुई लाख ७७ हजार रुपियाँ सहयोग गरेको थियो । उपमहानगरपालिकाकै शिलिङमा वडामार्फत् पनि ४ लाख रुपियाँ सहयोग गरिएको कार्यक्रममा जानकारी दिइएको थियो । कार्यक्रममा बोल्दै प्रमुख महतले रोटरी क्लब राजनीतिभन्दा माथि भएकाले सेवाको काम गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव डा. तीर्थमान शाक्य, डिस्ट्रिक गभर्नर रोटरियन सन्तोष रिजालको विशिष्ट आतिथ्यता रहेको कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव डा. शाक्य, पूर्व डिस्ट्रिक गभर्नर रोटरीयन सञ्जय गिरी र रोटरीयन बासुदेव गोल्यानलगायत सहभागी थियो ।

# मकवानपुरगढी देशकै चौथो बालमैत्री

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुरगढी गाउँपालिकालाई देशकै चौथो बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गरिएको छ ।



मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले शनिबार विशेष समारोहबीच मकवानपुरगढीलाई देशकै चौथो, बागमती प्रदेशको तेस्रो बालमैत्री घोषणा गरेका हुन् । उनले बालबालिकामा गरेको लगानी कहिल्यै खेर नजाने बताए । राज्यको शासनसत्ताको बागडोर सम्हाल्ने भविष्यका कर्णाधार बालबालिकामा तीन टै सरकारले प्राथमिकताका साथ लगानी गर्नुपर्नेमा उनको जोड छ । उनले गाउँपालिकाले प्रस्ताव गरेको खण्डमा बालबालिका क्षेत्रमा खर्चिने गरी एक करोड बजेट दिने प्रतिबद्धता व्यक्त गरेका छन् । मुख्यमन्त्री पाण्डेले बालमैत्री घोषणालाई व्यवहारमै कार्यान्वयन गर्न पालिकालाई निर्देशन दिएका छन् ।

गाउँपालिका अध्यक्ष बिदूर हुमागाईंले बालमैत्री स्थानीय कार्यान्वयन तथा दीगोपनको लागि वडास्तरको लगानी योजना र पाँच वर्षे रणनीतिक योजना बनाइएको बताए । वडास्तरीय लगानी योजनाअन्तर्गत्को कार्यक्रमका लागि गाउँपालिकाले ३ करोड बजेट विनियोजन गरेको उनले बताए । उनले बालमैत्री गाउँपालिकाका ४ वटा क्षेत्रका ५१ वटा सूचकहरुलाई पूर्णरुपमा टिकाई राख्न अगाडि बढेको बताएका छन् । विद्यालयमा बालिबालिकाको सहभागिता बढाउन घरदैलो अभियान र शिशु कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराएको उनको भनाइ छ ।

गाउँपालिकाले बालमैत्री स्थानीय शासनका ५१ वटै सूचकहरु पूरा गरी बागमती प्रदेश सरकारको अनुमतिमा बालमैत्री घोषणा गरेको हो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार ५१ वटा मुख्यत: बाल बचाउँ, बाल विकास, बाल संरक्षण, बाल सहभागिता र संस्थागत विकासका सूचकहरुमा काम गरेको थियो । मकवानपुरमा यसअघि मनहरी, बकैयामात्रै बालमैत्री घोषणा भएका छन् । यी दुई पालिकाभन्दा १२ वटा नयाँ सूचकमा मकवानपुर गढीले काम गरेको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार ३९ वटा मात्रै सूचक थिए ।

शनिबार गाउँपालिकाको ८ वटै वडाबाट विद्यालय, वडा बाल सञ्जाल, सहकारी तथा महिला समूहहरुले र्‍याली निकालेर ५ नम्बर वडास्थित शारदा माविको खेल मैदानमा घोषणासभामा सहभागी भएका थिए । गाउँपालिकाले बालबालिका केन्द्रित कानूनी व्यवस्थालाई अवलम्बन गरी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमबाट बालमैत्री स्थानीय शासन अवलम्बनको अभियान चलाइएको थियो । गाउँपालिकाले २०७७ माघ १९ र २० गते बालमैत्री स्थानीय शासन नीतिगत अवलम्बन तथा घोषणाको लागि गाउँपालिका स्तरमा सामूहिक प्रतिवद्धता जनाएको थियो ।

गाउँपालिकामा १ सय ३ वटा बाल समूह गठन गरिएको छ । बाल समूहमा ६ सय ३ बालक र ८ सय ५४ बालिका आबद्ध छन् । गाउँपालिका हाल ८ हजार २ सय ९३ बालबालिका छन् । जसमा ४ हजार ६ सय २४ बालक र ३ हजार ६ सय ७२ बालिका रहेका छन् । ५ हजार ३ घरधुरी रहेको गाउँपालिकामा कुल जनसंख्या २५ हजार एकसय ५ रहेको बालमैत्री स्थानीय शासन कार्यक्रमका सहसंयोजक कविराज हुमागाईंले जानकारी दिए । बालमैत्री स्थानीय शासनका लागि गठन भएका बाल समूहसहित ७ वटा समूह तथा समितिमा बालकालिकाहरुको प्रतिनिधित्व गराइएको छ ।

गाउँपालिका समिति, वडासमिति, बालधिकार समिति, विद्यालय व्यवस्थापन समिति तथा कर्मचारी समिति, स्वास्थ्य व्यवस्थापन समिति, वडा तथा गाउँपालिका बाल समूह र सञ्जालमा बालबालिकालाई प्रतिनिधित्व गराइएको हुमागाईंले बताए । ७ वटा समूह तथा समितिमा बालक ७ सय ४३ र बालिका १ हजार १९ आबद्ध छन् । आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा २०७८ को मंसिरभित्र बालमैत्री घोषण गर्ने निर्णय गरेपनि कोरोना महामारीका कारण सम्भवन भएको थिएन । घोषणा समारोहमा प्रतिनिधिसभा सदस्य तथा संघीय अर्थ विकास समिति सभापति कृष्ण प्रसाद दाहाल, प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानलगायत सहभागी थिए ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

## शुभारम्भ

YADEA
e-SCOOTERS






**Offer**
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- व्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)


प्रो. सबी भण्डारी ९८५५०६७४६०

## घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर

हेटौडा उपमहा नगरपालिका

वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३

९८११९९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# मूल्यबृद्धि नियन्त्रणमा चासो दिनु अपरिहार्य

विभिन्न कारण देखाउँदै निर्माण सामग्रीहरुमा मूल्यबृद्धि भइरहँदा सार्वजनिक निर्माणका कामहरु अत्यन्तै प्रभावित हुँदै आएका छन् । निर्माण व्यवसायीहरुको साझा संस्था निर्माण व्यवसायी संघ मकवानपुरले निर्माण सामग्रीहरुमा अस्वाभाविक मूल्यबृद्धि भइरहेको भन्दै यसलाई तत्काल रोक्न माग गरेको छ । मूल्यबृद्धि नरोके निर्माण व्यवसायीहरु थप आन्दोलित हुने संकेतसमेत संघले दिएको छ । सार्वजनिक खरिद ऐनअनुसार निर्माण र सप्लाईको कामको जिम्मा लिने व्यवसायीहरुले छोटो समयमा हुने मूल्यबृद्धिको कारण ठूलो समस्या भोग्न बाध्य भएको देखिएको छ ।

नेपालमा पछिल्लो समय नाम चलेका निर्माण कम्पनीहरुले सम्झौता गरेका निर्माणका ठूला कामहरु अलपत्र भएका समाचारहरु बाहिरिरहेका छन् । सम्झौता भएको मितिभन्दा धेरै वर्ष पछिसम्म ती कामहरु सम्पन्न गर्न नसकेको समाचारमा उल्लेख भइरहेका छन् । ठेक्का सम्झौताको अवस्थामा एउटा दररेट हुने तर, सम्झौता पछि बजारमा सामान खरिद गर्न जाँदा जिल्ला दररेटभन्दा धेरै बृद्धि भइसकेको हुने कारण व्यवसायीले काम नगरेको पाइएको छ । कुनैपनि व्यवसाय केही नाफाको उद्देश्यसहित गरिन्छ । जुन ठेक्कामा काम गर्दा घाटा हुने देखिएको हुन्छ, त्यस्ता ठेक्कामा व्यवसायीहरुले काम गर्न रुचाउँदैनन् । जानाजान घाटा हुने काम व्यवसायीहरुले कसरी गर्छन् ?

निर्माण व्यवसायीहरुले कामको जिम्मा लिएर समयमै सम्पन्न नहुनुमा मूल्यबृद्धि प्रमुख कारण रहेको पाइएको छ । त्यसलाई न्यूनीकरण गर्न सरकारले उचित नीतिगत पहल कदमी थाल्नु अपरिहार्य भइसकेको छ । एकातिर ठेक्का रकमभन्दा ज्यादै न्यून दरमा ठेक्का सकार गरेर लिने र पछि मूल्यबृद्धि कै कारण विकास हुन नसक्दा नेपाली जनताहरुले उपभोग गर्न पाउने विकास निर्माण अलपत्र अवस्थामा रहेको पाइएको छ । मूल्यबृद्धि एउटा निश्चित समय र अवस्थामा हुन्छ तर, निरन्तर हुने मूल्यबृद्धिका कारण विकास निर्माणमा प्रत्यक्ष असर परिरहेको हुँदा त्यसको नियन्त्रणमा सबै पक्षहरुले चासो दिनुपर्ने अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत १४ गते सोमबार २८ मार्च २०२२ । चैत कृष्ण एकादशी । चिल्लागा एकादशी ११४२ । सूर्योदय ५:५९ र सूर्यास्त ६:१८ मा हुनेछ । पापमोचिनी एकादशी व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नबोली बस्दा राम्रो हुनेछ | तुला | : मिहिनेतको फल मिल्नेछ |
| वृष | : प्रेममा विवाद आउन सक्नेछ | वृश्चिक | : स्वास्थ्यमा खराबी आउनेछ |
| मिथुन | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | धनु | : शुभ कामको संकेत मिल्नेछ |
| कर्कट | : हाँसखेलमा दिन जानेछ | मकर | : शरीरमा केही आलश्य हुनेछ |
| सिंह | : मनमा धैरै कुरा खेल्ने छन् | कुम्भ | : सफलता मिल्न गाह्रो छ |
| कन्या | : मन प्रसन्न रहनेछ | मीन | : यात्राबाट नोक्सान हुनेछ |

# नेपालको खतरनाक कूटनीतिक दुस्साहस



युवराज घिमिरे

रुसले युक्रेनमाथि विगत ३० दिनदेखि जारी राखेको आक्रमणको अन्तबारे अनेक अड्कलबाजी भइरहेका छन् । के यो तेस्रो विश्वयुद्धको कारक होला ? परमाणु शक्ति सम्पन्न रुसका सर्वोच्च नेता भ्लादिमिर पुटिनले आफ्नो अस्तित्व संकटमा आउने खतरा टाल्न उनी जुनसुकै हदसम्म पनि जान तयार भएको अभिव्यक्ति दिएर तेस्रो विश्वयुद्धको सम्भावनाको संकेत दिएका छन् ।

तेस्रो विश्वयुद्धको सम्भावनाबारे अड्कलबाजी जारी रहिरहँदा युद्धबाट कुनै न कुनै रुपमा विश्वका अनेक मुलुकहरु प्रभावित भइसकेका छन् । मूल्यवृद्धि र आवश्यक उपभोग्य वस्तुको अभावको भारमा धेरै मुलुकहरु परिसकेका छन् । पेट्रोलको मूल्यमा सर्वत्र वृद्धिको क्रम जारी छ । सन् २०२० मा 'नर्ड स्ट्रीम वन' भनी चिनिने र फिनल्याण्ड नजिक तथा उत्तर पश्चिम रुसी क्षेत्रको भिबोर्ग हुँदै स्थापित प्राकृतिक ग्यास च्यानलबाट मात्र १६८ अर्ब क्युबिक मिटर ग्यास' निर्यात भएको छ । त्यसको एकतिहाइ आपूर्ति जर्मनीमा मात्र भएको थियो । ग्यासको अभावमा जर्मनी या कुनै पनि विकसित र सम्पन्न राष्ट्रको आर्थिक, विविध उत्पादन तथा वितरक र मूल्य तथा दैनिक जनजीवनमा पर्ने असरको प्रभाव बुझ्न सकिन्छ ।

भारतले नेपालमा पछिल्लो पटक १३५ दिन आर्थिक नाकाबन्दी लगाउँदाको जस्तो सानो आयतनको प्रभावमा सीमित रहने छैन रुसी ग्यास आपूर्ति बन्द हुँदाको अवस्था । त्यसैले उत्तर एटलान्टिक सन्धि समूह अर्थात 'नेटो' सैन्य गठबन्धनको महत्वपूर्ण सदस्य जर्मनीका चान्सलर ओलफ सोल्ज भन्न बाध्य भए- युक्रेनप्रति जर्मनीको समर्थन रहे पनि नेटो त्यो युद्धमा होमिने छैन । युक्रेनका राष्ट्रपति जेलेन्स्कीले पटक पटक आफ्नो मुलुकको आकाशलाई 'नो फ्लाइ जोन' घोषणा गर्न आग्रह गरे पनि नेटोमा त्यसबारे एकमत नहुनुको कारण एउटै छ ।

त्यो 'घोषणा' को उल्लंघन रुसबाट हुन पुगेमा त्यसको सैन्य प्रतिरोधमा 'नेटो' उत्रनु पर्ने छ । 'नेटो' का प्रभावशाली सदस्यहरुको पुटिनप्रति कुनै सहानुभूति छैन, तर पुटिनविरुद्ध भिड्दा आफ्नो मुलुकको हविगत झण्डै युक्रेन जस्तै हुनेबारे उनीहरु चिन्तित छन् । त्यसैले अमेरिकाले रुसविरुद्ध लगाएको 'नाकाबन्दी' (स्याङ्सन) बढी औपचारिक र कम प्रभावकारी हुन पुगेको हो । रुसमाथि जर्मनी र अन्य युरोपेली मुलुक जस्तै दक्षिण एसियाली प्रभावशाली मुलुक भारतको प्रतिरक्षा उपकरणलगायतको निर्भरता र व्यापार यथावत छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँगको टेलिफोन वार्तापछि संयुक्त राष्ट्रसंघमा रुसी आक्रमणविरुद्ध नेपालले मत दियो ।

यो युद्धमा चीन रुसको 'स्ट्रयाटेजिक' या सामरिक साझेदारका रुपमा उभिएको छ । भारतले रुससँगको सम्बन्ध यथावत राखेको छ । अमेरिका, जापान र अष्ट्रेलियासँगैको 'क्वाड' को सदस्य भारत उक्त मतदानमा तटस्थ रह्यो । तर नेपालले सक्रिय र पक्षीय मतदान गरेर उसले युद्धको एउटा खेमा नजिक रहेको संकेत दियो । एमसीसी अनुमोदनलगत्तै भएको यो मतदानले विभिन्न अर्थ र व्याख्यासहित नेपाली राजनीति र प्राज्ञहरुलाई विभाजित गरी नै रहने छ । नेपाली कांग्रेसको 'परराष्ट्र नीति' आलोचित रहने छ । तर क्रिमियालाई युक्रेनबाट अलग गरी उसको संसदमार्फत रुसमा गाभिने निर्णयमा तटस्थ रहेको नेपालले अहिले किन यस्तो निर्णय लियो ? नेपालको वर्तमान शासन पद्धतिमा जवाफदेहीताको अंश शून्य छ, संसद बहसको थलो हुन छोडेको छ । तर आगामी दिनमा नेपालको परराष्ट्र नीति कति असंलग्न रहला ? अनुमान गर्न सकिन्छ । परराष्ट्रमन्त्री नारायण खड्काले नेपालले 'मानवीय दृष्टिकोण' ले संयुक्त राष्ट्रसंघमा आफूलाई प्रस्तुत गरेको भनी गरेको दावी एउटा अर्थहीन तर खतरनाक कूटनीतिक यात्राको दुस्साहसी कदम सावित हुनेछ । 'टेक्स्टबुक डिप्लोम्यासी' भावनामा बहने कूटनीतिले भू-रणनीतिक र मुलुकको संवेदनशील अवस्थिति अनि उसको कूटनीतिक परम्परा र अभ्यासबीचको अन्तर सम्बन्धबारे राष्ट्रिय हितमा विश्लेषण र उचित निर्णय लिन नसक्दा राष्ट्रले ठूलो क्षति व्यहोर्न पर्ने छ । नरेन्द्र मोदीले देखाएको कूटनीतिक चातुर्य उनको मुलुकको आवश्यकता तथा हितद्वारा निर्देशित छ । तर, देउवा र खड्काको कदम ? जहाँ विज्ञहरु राष्ट्रवाद र राष्ट्रहितलाई खुलेर आलोचना गर्छन्, त्यहाँ यी विचलन अस्वाभाविक हुन पुग्छन् । युक्रेनमाथि रुसी आक्रमण तत्कालको सन्दर्भमा अत्याचार र बर्बरताको कार्य हो । कुनै पनि युद्ध न्याय र शान्ति स्थापनाका लागि हुँदैन अहिले । महाभारतमा भगवान कृष्ण, युधिष्ठिर या अर्जुनले भनेजस्तो 'न्याय' र धर्म स्थापनाका लागिको युद्धमा आजको विश्वको खासगरी शक्तिशाली मुलुकहरुको विश्वास छैन ।

शुद्ध रुपमा, आफ्नो सैन्य शक्ति, प्राकृतिक श्रोत नियन्त्रणमार्फत आर्थिक हैसियत उकास्न र प्रतिद्वन्द्वीहरुलाई कमजोर पार्न अहिलेका शक्ति राष्ट्रहरुले आकर्षक नारा उठाउने गर्छन्, हस्तक्षेपको वातावरण बनाउन । हिजो अमेरिकाले त्यस्तै नाराका आधारमा अनेकौं मुलुकहरुलाई ध्वस्त पार्‍यो । इराकमा आम संहारका जैविक हतियार भएको दावीलाई 'नेटो' मात्र हैन, संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको पनि एजेन्डा बनाएर त्यो मुलुकलाई ध्वस्त पार्‍यो । अमेरिकी युद्ध या आक्रमणबाट अझै पनि इराक उठ्न सकेको छैन, तर त्यसले अमेरिका आततायी मुलुक भएको सन्देश खासगरी इस्लामिक मुलुकहरुमा गहिरोसँग पुर्‍याएको छ । रुस-युक्रेन द्वन्द्व र विश्व त्यसको सम्भावित परिणामबाट त्रस्त भइरहेको बेला रुसको रणनीतिक साझेदारका रुपमा देखिएको चीनका विदेशमन्त्री वाङ यी इस्लामावाद, भारत हुँदै अप्रत्याशित रुपमा अफगानिस्तान र नेपाल आएका छन् । एमसिसी नेपाल कम्प्याक्टलाई नेपाली संसदले चीनको आग्रहलाई वेवास्ता गर्दै अनुमोदन गरेपछि चीन सशंकित बनेको छ ।

त्यसका प्रभावबारे नेपालको धारणा बुझ्दै आफूसँग भएको सहमतिअनुरुप बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गतका परियोजनालाई अन्तिम रुप दिन र प्रक्रियामा लैजान वाङले आग्रह गर्नु स्वाभाविकै हो । तर, नेपालले महंगो केरुङ-काठमाडौं रेलवे लाइन (अनुमानित खर्च २७५ करोड डलर) ऋण लिएर बनाउन सक्ला या उसले चीनसँग केही अनुदानका लागि आग्रह गर्ला ? ऋणको पासोमा नपर्ने चाहना अस्वाभाविक हैन कुनै पनि मुलुकका लागि, तर चीन-अमेरिका प्रतिस्पर्धामा नेपालले आफूलाई कसरी प्रस्तुत गर्ला ? यो हेर्न बाँकी नै छ । नेपालका गृहमन्त्री बालकृष्ण खाँडले सार्वजनिक रुपमा नै एमसिसी अनुदान अनुमोदनलाई स्वागत गर्ने क्रममा (ऋणसहित) लगभग पूरा भइसकेको भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सहयोगमा राखिएका शर्तमा चीनको आलोचना गरेर सरकारको कूटनीतिक अपरिपक्वता प्रदर्शन गरेका छन् । राजनीतिक र सत्ता नायकहरुको यो विचलित चरित्र एकातिर र अर्कोतिर युक्रेनको पक्षमा नेपालको मतदानले यो मामिलामा तटस्थ दुवै छिमेकी राष्ट्रहरुलाई प्रशस्त शंका गर्ने ठाउँ दिने छ ।

भारत र अमेरिकाबीच एउटा साझा तर अघोषित मान्यता 'इस्लामिक अर्डर' प्रतिको उनीहरुको अविश्वासमा आधारित छ । पाकिस्तानमा पुगेकै दिन चिनियाँ विदेशमन्त्री वाङले पाकिस्तानको सार्वभौमसत्ता, स्वतन्त्रता र त्यहाँको जनताको चाहनाअनुसारको विकासमा आफू बलियोसँग उभिने बताएनन् मात्र, त्यहाँ जारी इस्लामिक मुलुकहरुको सम्मेलनलाई सम्बोधन गर्दै इस्लामिक मुलुकहरुसँग सम्बन्ध प्रगाढ बनाउने दिशामा आफू लाग्ने आश्वासन पनि दिए ।

अर्कोतिर जम्मु काश्मिरको मामिलामा इस्लामिक मुलुकहरु (पाकिस्तानलगायत) को धारणासँग चीनको सहमतिको अर्थ लाग्ने अभिव्यक्ति दिएर वाङले दिल्ली पुग्नुअघि नै भारतको आक्रोश र खप्की खाएका छन् । यो क्षेत्रीय राजनीतिका लागि पनि सुखद् संकेत हैन । उता युक्रेन र रुसबीचको तनाव तथा द्वन्द्वले नयाँ विश्व संरचना व्यवस्था र समीकरण बन्न सक्ने संकेत 'नेटो' आफैभित्रको विभाजनले दिएको छ । सन् १९९९ मा नेटोले सर्वियामाथि बम बर्साउँदा त्यहाँ गैरसैनिक र बालबालिकाको ठूलो संख्यामा हत्या हुँदा जर्मनीका सैन्य अधिकृत तथा नेटोको तत्कालीन प्रवक्ता जेमी शियाको चर्चित अभिव्यक्तिलाई आजको सन्दर्भमा हेर्नु तथा बुझ्नु आवश्यक छ ।

'यो आक्रमण सर्विया जस्तो शैतानी शक्तिको विजय रोक्न नेटोले गरेको प्रयास या उसले चुकाएको मूल्य हो ।' आज उनकै मुलुकका चान्सलर 'नेटो' लाई रुसविरुद्ध भिड्न रोकिरहेका छन् । उता पुटिन प्राय: अमेरिकी संस्थापनले आफूले अन्यत्र सैन्य हस्तक्षेप गर्दा भन्ने गरेको उक्ति दोहोर्‍याइरहेका छन् । 'युक्रेनविरुद्धको रुसी कदम मानव अधिकारको रक्षाका लागि हो ।' कस्तो विडम्वना, बम बन्दुक र विस्फोट अनि व्यापक नरसंहारले मानव अधिकार बनाउन सक्छ भन्ने दावी सधैं, सर्वत्र अस्वीकार्य हुनुपर्छ ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीको विश्व समुदायलगायतसँगको भावुकतापूर्ण आग्रह- 'नागरिक जीवनको अर्थ हुन्छ, स्वतन्त्रताको अर्थ हुन्छ, शान्तिको अर्थ हुन्छ र युक्रेनको अर्थ हुन्छ' लाई एउटा स्वतन्त्र राष्ट्रमा अन्तरनिहित स्वतन्त्र आत्मनिर्णयको अधिकारको सैद्धान्तिक चौघेरामा बुझ्न सकिन्छ, र स्वीकार्न सकिन्छ, तर ठूला र शक्तिशाली राष्ट्रहरुले एकतर्फी रुपमा त्यो सिद्धान्तलाई उल्लंघन गर्दै आएकाले आज रुसका लागि अमेरिकालगायतका मुलुकहरुलाई 'जस्ताको तस्तै' व्यवहारबारे त्रसित गर्न सहज भएको छ । विश्व समुदाय आफ्नो स्वार्थका कारण विभाजित छ । 'इन्टरनेशनल कोर्ट अफ जस्टिस' ले तत्काल युक्रेनमाथिको हमला रोक्न गरेको आग्रहलाई रुसले अवज्ञा गरेको छ ।

वर्तमान विश्व व्यवस्थाका लागि यो सुखद लक्षण हैन । अमेरिका तथा उसका सहयोगी शक्तिहरुलाई असमान रुपमा सहयोग पुर्‍याएको र उनीहरुकै पक्षपोषणमा लागेका राष्ट्रसंघ तथा उसका विविध संस्थाहरुका लागि पनि यो चुनौती हो । चीन र नेपाल या छिमेकका अन्य मुलुकहरुसँगको दुई पक्षीय या क्षेत्रीय सम्बन्ध तथा सहयोगको विषय एउटा अलग पक्ष होला, तर चीनले विद्यमान विश्व व्यवस्थामा अमेरिकी तथा पश्चिमा मुलुकले ओगटेको असन्तुलित तथा असमान हैसियतविरुद्ध आफूलाई उभ्याउने प्रयास गरेको छ । भारत त्यसमा नराम्रोसँग चुकेकाले उसकै प्रभाव क्षेत्रका मुलुकहरुमा पनि चीनप्रति बढी आशावादी र आकर्षित देखिएका छन् । युक्रेनमाथिको आक्रमणकै सन्दर्भमा विश्व व्यवस्थामा परिवर्तन आएमा र त्यसले साना तथा ठूला मुलुकहरुको जायज तथा सम्मानजनक सरोकार सुनिश्चित गरेमा त्यसले 'नेटो' नेतृत्वबाहेक धेरैको अनुमोदन प्राप्त गर्ने छ । विश्व व्यवस्थाको वर्तमान स्थिति र राष्ट्रसंघ तथा त्यसका निकायहरुमा संरचनागत परिवर्तन ल्याउन विभिन्न मुलुकहरुले आवाज उठाउँदै आए पनि त्यो केही शक्तिशाली मुलुकहरुले त्यहाँ महत्वपूर्ण हैसियत प्राप्त गर्ने नियतबाट निर्देशित देखिन्छ अहिलेसम्म ।

राष्ट्रसंघको मानव अधिकार उच्चायोगले विगत ३० दिनको युद्धमा झण्डै एक हजार गैरसैनिकको मृत्यु र १६०० जति घाइते र ३५ लाख जनसंख्या विस्थापित भएको तथ्यांक सार्वजनिक गरेको छ । तर, यो तथ्यांक र जारी हिंसाहत्याको यो सिलसिला मिसाइल र गोलाबारी आक्रमण तथा विस्फोटन प्रलयकारी बबन्डरमा हराउने पक्का छ । किनकि विगतमा पनि यस्ता कारुणिक क्रन्दन र नागरिकहरुका व्यथा प्राय: हराएका छन् । हो, सर्विया तथा केही अन्य ठाउँमा त्यहाँका राष्ट्रध्यक्ष या सरकारका जिम्मेवार निकायहरुमा उच्च ओहदामा रहेकालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चलाउने कार्य भएका थिए । तर त्यस्ता 'सेलेक्टिभ' कृत्यहरुको आलोचना समानता र साझेदारीमा आधारित विश्व संरचनाका पक्षपातीहरुले नै गर्दै आएका छन् ।

'ब्रिटिश संसद हाउस अफ कमन्स'मा झण्डै आधा शताब्दी सदस्य रहेका शक्तिशाली नेता टोनी बेनलले आफूले हस्ताक्षर नगरी अरु मुलुकको नेतृत्वलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उभ्याउने अधिकार बेलायत या अमेरिकासँग हुन नहुने अडान बराबर लिइराखेका थिए आफ्नो जीवनकालमा । यो उनको एक्लो आवाज थिएन । शितयुद्ध समाप्तिपश्चातको एकध्रुवीय विश्वमा त्यसको आवश्यकता र सान्दर्भिकता अझ बढेको छ । युक्रेन-रुस तनावमा 'नेटो' को संलग्नता नभएको खण्डमा तत्काल, रुसी पक्षले सामरिक लाभ लिने छ, यद्यपि अन्तिम नतिजामा पराजयको पीडा र प्रतिशोधको आगो भावी युद्धको बीउ बन्ने सम्भावना त्यत्तिकै जीवित रहने गर्छ ।

सोभियत संघको पतन या विघटन युद्धबाट भएको थिएन, तर विश्व ध्रुव हुँदाको वैभव गुमेको र त्यसलाई हासिल गर्ने महत्वाकांक्षाबाट पुटिन प्रेरित छैनन् भन्न सकिन्न । युक्रेनियन राष्ट्रपतिको नेटोसँग सामिप्यको मोहले पुटिनलाई अझ उक्साउन सक्छ भन्ने उनले बुझेनन् । अमेरिकी राष्ट्रपति बाइडेन यही क्रममा युरोपका केही भाग र ब्रसेल्समा छन् । त्यहाँ रुसविरुद्धको प्रतिरोधलाई युरोपेली संघ तथा नेटोको साझा एजेन्डा बनाउन सकेनन् भने रुसलाई मनाउन, चीन र भारतलाई बढी प्रभावकारी भूमिका दिनु विकल्प देखा पर्ने छ ।

त्यसले एसियाली वर्चश्वलाई विश्व कूटनीतिको मानचित्रमा स्थापित गरे पनि असमान विश्व व्यवस्थाको अर्को संस्करणका रुपमा त्यसले मान्यता पाउनु दुर्भाग्यपूर्ण हुने छ । विश्वमा 'प्यासिफिस्ट' आन्दोलन मरिसकेको र नैतिक शक्तिबाट ठूला अणुशक्ति नचल्ने भएकोले केही मुलुकहरुले मध्यस्थताको भूमिका लिनु शान्तिका लागि तत्काल आवश्यक रणनीति हुने छ । चीनको उच्चस्तरीय भ्रमण, रुससँगको उसको एकहदसम्मको समझदारी, त्यसमार्फत उसले अमेरिकालाई दिएको सन्देश र साना मुलुकहरुको पक्षमा उसको अडानलाई त्यही परिप्रेक्ष्यमा बुझ्नु पर्छ । यो गतिविधि र सम्भावना अनि द्वन्द्वको वर्तमान परिवेशमा नेपालले आफूलाई तत्काल समीक्षा गर्नु आवश्यक देखिन्छ ।

*-साभार: देशसञ्चार*

# कानुन उत्कृष्ट, कार्यान्वयन फितलो !



डा संजय गेलाल

केही वर्षअघि एउटा स्वास्थ्यसँग सम्बन्धित ऐन पारित भयो । मिर्गौला फेल भई कुनै पनि ढंगले मिर्गौला नमिलेका मिर्गौला पिडितका लागि आफ्नो जिन्दगी प्रतिपादक रूपमा जिउँने समय सकियो भन्ने सोचेका बिरामीका लागि यो ऐन पुनर्जिवन फेरि मिल्ने झिनोँ आशाको दियोको रूपमा आयो । धेरैले ठुलै आशा गरिएको ऐन थियो 'पुर्णरूपले विशेषज्ञ डाक्टरबाट प्रमाणित गरी मस्तिष्क मृत्यु घोषित भएका बिरामीबाट मिर्गौला लगायत अन्य अंग, परिवारका सदस्यको सहमतिमा वा बिरामी स्वंयमले मन्जुरीनामाको आधारमा गरिने अंगदान ।'

मिर्गौला पिडितका लागि यो निकै नै आशाको विषय थियो । ऐन निकै नै प्रंशसायोग्य हुँदाहुँदै पनि कार्यावन्यन पक्ष फितलो देखियो । हालसम्म एउटामात्र नमुनाका रूपमा मस्तिष्क मृत्यु भएकाबाट अंगदान भएर दुई मिर्गौला फेल भएका बिरामीले पुनर्जिवन पाए । यसैपनि ऐन मात्र नेपालका सशक्त बनेका हुन्छन् तर कार्यान्वयन पक्ष फितलो भन्ने आरोपबाट यस स्वास्थ्यसँग सम्बन्धित ऐन पनि अछुतो रहेन । नेपालको सम्दर्भमा भन्नु पर्दा मस्तिष्क मृत्युको कारक तत्व सडक दुर्घटना रहेको पाइन्छ ।

यदि अस्पतालहरूबीच समन्वय भएको खण्डमा दैनिक रूपमा यस्ता बिरामी अस्पतालमा भेटिन सक्छन् । पटक पटक मस्तिष्क मृत्यु भएकाबाट अंगदान गर्न मिल्छ भनिएता पनि पछि सामाजिक, पारिवारिक, आर्थिक, धार्मिक, अस्पतालका सेवा सुविधा, जनशक्ति, जनचेत्तनाको कमि लगायत विविध कारणले गर्दा उक्त अंगदानहरू सम्भव हुँदैनन् ।

यस्ता खालका ऐनको प्रभावकारिताका लागि हाम्रो स्वास्थ्य संरचना, व्यवस्थापन र जनशक्ति चुस्त बनाउँनु पर्दछ । एउटै च्यानलबाट मात्र जाने यस ऐन बनाउँदा परिकल्पना गरिएको व्यवस्था आफैं पनि यस ऐन प्रभावकारिताको बाधक बनेको हो कि भन्ने पनि संका गर्ने ठाँउ छ । मानविय भावनासँग जोडिएको यो विषय त्यति सरल छैन, कसैको अंग लिने सानो कुरा हैन ।

कतिपय अस्पताल जहाँ अंग प्रत्यारोपण सम्भव छ, तिनीहरू पनि उही एउटै च्यानलबाट जानुपर्ने बाध्यत्मक परिस्थितिको सामना गर्न तयार नरहेको व्यवहारमा देखियो । कि यस च्यानलको हाँगाबिँगा बिस्तार हुनु पर्यो या छुट्टा छुट्टै च्यानल तर सरकारी निगरानीमा नियम संगत ढंगले चलाउन सक्नु पर्यो नत्र ऐन जति नै उत्कृष्ट बनेपनि कुनै अर्थ रहँदैन । केवल अक्षरका रूपमा कागजी डंगुरको रूपमा थुप्रन्छन् । उपत्यका बाहिर यो ऐनमा भनिएझैं अझै लाभ उठाउन निकै मेहिनत गर्नु पर्ने देखिन्छ । नेपाल यस्तो देश हो जहाँ हरेकमा न्यूनतम स्रोतमा अत्याधिक प्रभावकारिता खोज्नुपर्ने वाध्यत्मक परिस्थिति रहेको छ । माथि उल्लेखित विषय खासै नौलो होइन र सबैले बुझेकै कुरा हुन् तर आज यो पंक्तिकार सुझावका रूपमा केही विचारहरू प्रस्तुत गर्दैछु ।

मस्तिष्क मृत्युबाट गर्न सकिने अंगदान यही स्रोत र साधनबाट अत्याधिक प्रभावकारि हुन समस्या छ । मुख्य समस्या भनेको पारिवारिक, सामाजिक र धार्मिक वाधा अड्चन नै हुन् । निश्चय पनि मस्तिष्क मृत्यु भएको कसैको पनि अंगदान लिनका लागि उसको परिवारलाई सम्झाई बुझाई गर्नु निकै अप्ठ्यारो स्थितिको सामना गर्नु हो । फेरि मस्तिष्क मृत्यु हुने बिरामीले अल्पकालमा ज्यान गुमाएका हुन्छन् । यो अवस्थामा बिरामीका परिवार वा नजिकका सदस्यलाई संवेदनशिलतापुर्वक सम्झाई बुझाई गर्न नसकिए बिरामी-डाक्टरको सम्बन्धमा समस्या उत्पन्न हुन सक्छ ।

बिरामी पक्षबाट फेरि पनि भावनाको शिकारमा दोषारोपण गर्न सक्छन् र यो ऐनको मर्मको तजोबध हुनसक्ने धेरै सम्भावना देखिन्छ । केही समयअघि मस्तिष्क मृत्यु भएर अंगदान गर्न चाहने पिडित परिवारलाई केही आर्थिक सहयोग स्वरूप प्रदान गर्ने कि भन्ने कुरा पनि जति प्रभावकारी बन्ला जस्तो सोचिएता पनि कुनै समय खतरनाक परिणाम निम्ताउन सक्छ । विडम्वना भन्नु पर्छ हामी कहाँ नकारात्मक सोच, समाचार र उद्देश्य चाँडै चल्छन्, बिक्छन् । आर्थिक सहयोग गर्ने भन्ने कुरा हाम्रो स्रोत-साधन हेरिकन अन्तिम उपायका रूपमा आउनु पर्ने तर विडम्वना यो सोच अगाडि आँउछ । एउटा परिवारलाई दिइने आर्थिक सहयोगको र कममात्र सदुपयोग गरी यदि हरेक अस्पतालमा आकर्षक नारा सहितका अंगदान सम्बन्धित जनचत्तेना जगाउने सन्देश हरेक अस्पतालमा टाँगिए कति प्रभावकारी हुने थियो ।

अंगदान करकापमा हुन सक्दैन, अझै अल्पकालमै मस्तिष्क मृत्यु भई अस्पतालको बेडमा रहेका बिरामीका परिवारका सदस्यलाई सम्झाई बुझाई अंग लिनु फलामको चिउरा चपाए झैं हो । दान भनेकै आफू राजी भएर दिनु हो । राजी भएर दिइने कुरामा आर्थिक विषय जोडिए कुरा पनि मोडिन सक्छ । हित सम्झी बुनेको माला गलपासो बन्न सक्ने सम्भावना नकार्न सकिन्न । सुरूवातमै आर्थिक कुराले झन् नकरात्मक असर पर्न सक्छ विशेषगरी डाक्टर-बिरामी र बिरामीका नजिकको सम्बन्धमा ।

तसर्थ पहिले अंगदान लिनका लागि हरेक अस्पताल विशेषगरी अप्रेसन, भेन्टिलेटर साधनस्रोत र मानवस्रोतले पूर्ण रहेको अस्पतालका भित्तामा सुचनामुलक होर्डिङ बोर्ड झुन्ड्याउन आवश्यक देख्छ यो पंक्तिकार । सम्भव भए सडकका छेउछाउमा हुने होर्डिङ बोर्डमा पनि यस सम्बन्धित आकर्षक नारासहित सूचना संप्रेशण गर्ने माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । सबैलाई परिआएको खण्डमा तयार हुने मानसिकता विकास गर्न सके मात्र अंगदान सम्भव छ । अन्यथा उत्कृष्ट ऐन तर कार्यान्वयन फितलोको रूपमा सिमित रहनेछ ।

*-साभार: स्वास्थ्यखबर*

# नेपालविरुद्धको सिरिजमा पीएनजीद्वारा 'क्लिन स्विप'



काठमाडौं/नेपाल विरुद्धको दुई खेलको एकदिवसीय सिरिज पपुवा न्युगिनी (पीएनजी)ले क्लिन स्विप गरेको छ । शनिबार भएको सिरिजको अन्तिम खेलमा नेपाल ३ विकेटले पराजित भयो । पीएनजीले सिरिजको पहिलो खेलमा नेपालमाथि ६ रनको जित निकालको थियो ।

त्रिवि क्रिकेट मैदानमा नेपालले दिएको २७९ रनको लक्ष्य पछ्याएको पीएनजीले ४८ ओभर ४ बलमा ७ विकेट गुमाउँदै २८३ रन बनायो । पीएनजीका लागि लिगा सिकाले ९० रनको अर्धशतकीय पारी खेले । १०२ बल खेलेका उनले रन बनाए ।

उनलाई नेपालका पवन सरार्फ ३३ औं ओभरको चौथो बलमा बोल्ड आउट गराए । पीएनजीका लागि रिले हेकुरेले ४८ बनाए । सेसे बाउले ३८ रन बनाए । उनी ३७ औं ओभरको दोस्रो बलमा एलबीडब्लू आउट भए । उनलाई पवव सरार्फले आउट गराए । पीएनजीले ४४ औं ओभरको अन्तिम बलमा आफ्नो सातौं विकेट गुमयो । नेपालका आरिफ सेखले नोरमान भानुवालाई क्याच आउट गराए । यसअघि पीएनजीले ४३ औं ओभरका पाँचौं बलमा आफ्नो छैटौं विकेट गुमायो । पीएनजीका हिरि हिरि १३ रन बनाएर आउट भए । उनलाई सोमपाल कामीले क्याच आउट गराए ।

पीएनजीले १३ औं ओभरको पहलिो बलमा आफ्नो तेस्रो विकेट गुमाएको थियो । पीएनजीका कार्लेस अमिनीलाई सन्दीपले ३५ रनमा एलबीडब्लू आउट गराए । सन्दीपले आफ्नो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा आफ्नो ५० औं विकेटको रुपमा उनलाई आउट गराए ।

योसँगै सन्दीप एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा कम इनिङ्समा ५० रन बनाउने विश्वकै दोस्रो खेलाडी बने । उनले २२ खेलमा ५० विकेट लिए । पीएनजीले दोस्रो ओभरमा दुई विकेट गुमाएको थियो । दोस्रो ओभरको दोस्रो बलमा टोली उरालाई सोमपाल कामीले क्याच आउट गराएका थिए । सोही ओभरको तेस्रो बलमा असाड भालालाई पनि सोमपालले क्याच आउट गराए ।

टस जितेर पहिले ब्यटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २७८ रन बनाएको थियो । नेपालका लागि दिपेन्द्रले १०५ रनको शतकीय पारी खेले । १४० बल खेलेका उनले ७ चौका प्रहार गरे । दिपेन्द्र ४८ औं ओभरको पहिलो बलमा आउट भए ।

उनलाई नोरमान भानुवाले क्याच आउट भए । नेपालका लागि देव खनालले एक दिवसीयमा पहिलो अर्धशतक प्रहार गरे । ८६ बल खेलेका उनले ४ चौका र ३ छक्काको सहयोगमा ७२ रन बनाए । देव ३१ औं ओभरको दोस्रो बलमा क्याच आउट भए । उनलाई पीएनजीका कार्लेश एमिनीले क्याच आउट गराए । नेपालका लागि दिपेन्द्र र देव खनालले कीर्तिमानी साझेदारी गरे । तेस्रो विकेटका लागि उनीहरुले १२९ रनको साझेदारी गरे ।

नेपालका लागि १२९ रनको साझेदारी एकदिवसीय अन्तर्राष्ट्रियमा हालसम्मकै सर्वाधिक साझेदारी हो । यसअघि शुक्रबार भएको खेलमा आरिफ शेख र रोहित कुमार पौड्यालले १०४ रनको साझेदारी गरेका थिए ।

नेपालका कप्तान सन्दीप लामिछानेले २४ रन बनाए । नेपालले ४८ औं ओभरको दोस्रो बलमा आफ्नो छैटौं विकेट गुमायो । नेपालका भिम सार्की २६ रन बनाएर आउट भए । सोही ओभरको अन्तिम बलमा नेपालले आफ्नो सातौं विकेट गुमायो । नेपालका आरिफ शेख ४ रन बनाएर रन आउट भए ।

४९ औं ओभरको पहिलो बलमा नेपालले आफ्नो आठौं विकेट गुमायो । नेपालका पवन सरार्फ खाता नखोली पेवेलियन फर्कीए । यसअघि नेपालले ४० ओभरको चौथो बलमा आफ्नो चौथो विकेट गुमायो । नेपालका रोहित कुमार पौड्यल ३५ रन बनाएर पेवेलियन फर्किए । उनलाई काड सोपरले बोल्ड आउट गराए ।

नेपालले पहिलो ओभरको पहिलो बलमा पहिलो विकेट गुमाएको थियो । नेपालका कुशल भुर्तेल रोयल डक भएका हुन् । उनलाई अलेइ नोवाले क्यच आउट गराएका हुन् । नेपालले तेस्रो ओभारको पहिलो बलमा दोस्रो विकेट गुमायो । नेपालका अनिल शाह उनलाई नोवाले क्याच आउट गराए । शाहले मात्र १ रन बनाए । -साभार: रातोपाटी

## किसान ठगेको आरोपमा व्यापारी पक्राउ

दाङ-किसानलाई ठगी गरेको आरोपमा सल्यान प्रहरीले हाते ट्याक्टरसहित व्यापारीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रोल्पा जिल्लाको गंगादेव गाउँपालिका वडा नम्बर ३ का गंगाराम खत्री रहेका छन् । कृषि किङ र किसानको हाते ट्याक्टर उपलब्ध गराउने सहमति रहेकोमा अर्कै कम्पनीको हाते ट्याक्टर दिएको आरोपमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना इकाई जोनले अनुदानमा उपलब्ध गराउने हाते ट्याक्टर खरिदको लागि खत्रीको जलजला सिड कृषि फर्मले जिम्मा पाएको थियो । कृषि किङ र किसान कम्पनीको हाते ट्याक्टर एउटालाई ७२ हजार मूल्यमा उपलब्ध गराउने सहमति भएको थियो । जसमध्ये ३६ हजार किसानको र ५० प्रतिशत प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना इकाई जोनले अनुदानमा उपलब्ध गराउने सम्झौता थियो । खत्रीको कृषि फर्मले बदमासीपूर्वक अर्कै कम्पनीको ट्याक्टरमा कृषि किङ र किसानको लोगो राखेर ठगी गर्न खोजेको प्रहरीले बताएको छ ।

स्थानीय कृषक समूहबाट प्राप्त सूचना र कृषि किङ र किसानको आधिकारिक बिक्रेता डिबी इन्टरनेशनल प्रालि भरतपुर चितवनबाट आफ्नो लोगोको अनधिकृत प्रयोग गरेको भन्दै जिल्ला प्रहरी कार्यालय सल्यानमा जाहेरी दर्ता भएको थियो । त्यसैका आधारमा चैत १० गतेबिहान १० बजेतिर सल्यानको कपुरकोट गाउँपालिका वडा नं. ३ कपुरकोट बजारबाट हाते ट्याक्टर लोड गरिएको प्रदेश ३-०-१-००६ ख ४५ नम्बरको ट्रक नियन्त्रणमा लिएर अनुसन्धान थालिएको छ ।

चेकजाँचका क्रममा प्रहरीले ६५ थान हाते ट्याक्टर बरामद गरिएको जिल्ला प्रहरी प्रमुख सुमित खड्काले बताए । जिल्ला अदालतबाट खत्रीलाई सात दिन थुनामा राख्ने अनुमति लिएर अनुसन्धान थालिएको खड्काले बताए । *-साभार: सेतोपाटी*

# 'केशरी' गीतले बढाएको 'कबड्डी ४' को हाइप



काठमाडौं/नेपाली फिल्म गीतसंगीत विना अपुरा मानिन्छन् । गीत फिल्मको अभिन्न अंग नै बनेको छ । कतिपय फिल्ममा गीतलाई कथा भन्ने माध्यमको रुपमा प्रयोग गरिएको हुन्छ भने कति फिल्ममा कथाले गीत नमागे पनि जबर्जस्ती राखिन्छ । गीत हिट भयो भने बक्सअफिसमा फाइदा पुग्ने आशले पनि फिल्ममा गीत छुट्ने गरेका छैनन् । तर, वर्षमा एकाध गीत मात्र हिटको सूचिमा पर्छन् ।

गीत हिट भएपछि फिल्म हेर्न हलमा दर्शक ओइरिएका धेरै उदाहरण छन् । 'ए मेरो हजुर', 'छक्का पञ्जा', 'नाईं नभन्नू ल', 'प्रेमगीत' जस्ता फिल्म बक्सअफिसमा चम्किनुमा गीतको पनि ठूलो योगदान मानिन्छ । यसैले अचेल फिल्मको कथामा भन्दा गीतको अडियो र भिडियो बलियो बनाउन निर्माता-निर्देशकहरुले बढी मेहनत गर्ने गरेका छन् । गीतमै लाखौं खर्च गर्न समेत पछाडि हट्दैनन् । 'कबड्डी' सिरिज पनि राम्रो र सफल गीत दिनेमा अगाडि मानिन्छ । यो सिरिजका गीतहरु प्राय: हिटको सूचिमा दरिन सफल छन् । यसको चौथौं श्रृंखलाको 'केशरी' गीत यतिबेला चर्चाको केन्द्रमा छ । यूट्युब रिलिजको दुई हप्तामा ३४ लाखभन्दा बढी पटक हेरिसकिएको गीत सामाजिक सञ्जाल टिकटकमा सर्वाधिक रुचाइएको छ । लाखौंले यो गीतमा टिकटक भिडियो बनाएका छन् ।

पछिल्लो समय टिकटक गीतको लोकप्रियता चुल्याउने मामलामा वरदान नै सावित भएको छ । 'केशरी' गीतलाई पनि दर्शकको ठूलो वर्गमा पुऱ्याउन टिकटकले सघाएको छ । यूट्युबमा गीत हेर्ने प्राय: दर्शकहरु टिकटकमा सानो अंश सुनेपछि यूट्युबसम्म पुगेका छन् ।

गीतको बढ्दो चर्चाले फिल्मको राम्रो हाइप चुलिएको छ । यसको फाइदा फिल्मको व्यापारमा पर्न सक्ने देखिन्छ । यूट्युबमा एक लाख बढी लाइक्स मिलेको गीतलाई तीन हजारभन्दा बढी कमेन्ट प्राप्त छ । कमेन्ट बक्स हेर्दा दर्शकबाट गीतलाई शतप्रतिशत उत्कृष्ट प्रतिक्रिया मिलेको देखिन्छ । कतिले संगीत क्षेत्रमा 'केशरी' गीतले क्रान्ति ल्याएको बताएका छन् भने कतिले नेपाली फिल्ममा स्तरीय गीत आउन थालेकोमा खुसी व्यक्त गरेका छन् । गीतमा शब्द, संगीत र गायनको संयोजना उत्कृष्ट छ ।

गीतमा एसडी योगीको स्वर, राम अविरल विष्टको शब्द र गायक योगीकै संगीत छ । गीतको भिडियोमा फिल्मका अभिनेता सौगात मल्ल र अभिनेत्री मिरुना मगर फिचर छन् । रामबाबु गुरुङ निर्देशित फिल्ममा दयाहाङ राई, बुद्धि तामाङ, विजय बराल, गौमाया यात्री, पुष्कर गुरुङ, कमलमणी नेपाललगायतको पनि अभिनय रहेको छ । फिल्म आउँदो जेठ १३ गतेबाट प्रदर्शनमा आउँदैछ । -साभार: फिल्मीखबर

# आचारसंहिताको पालनमा कडाइसाथ प्रस्तुत हुन निर्वाचन आयोगलाई सुझाव

काठमाडौं/निर्वाचन आयोगलाई निर्वाचन आचारसंहिताको पूर्णपालना गर्ने/गराउने सिलसिलामा कसैसँग नलत्रन र कडाइका साथ प्रस्तुत हुन सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा आयोग र नेपाल कानुन समाजको सहकार्यमा मुलुकका विभिन्न स्थानमा भइरहेको छलफलमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र संघसंस्थाबाट यस्तो सुझाव दिइएको हो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता जारी र अनुगमन गरिए पनि आयोगले कारबाही गर्दैन त्यो देखाउने दाँत मात्रै हो भन्ने बुझाइलाई आगामी स्थानीय तह निर्वाचनमा चिर्न विभिन्न संयन्त्र र रणनीति बनाएर काम गर्ने जानकारी दिए ।

निर्वाचन आचारसंहिता विगतभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएकाले राजनीतिक दल, उम्मेदवार र सरोकारवाला पक्षको काम, कर्तव्य र अधिकारबारे नजिक स्थानमा पुगेर जानकारी गराउने उद्देश्यले आयोग र समाजद्वारा सात प्रदेशसहित देशका १५ स्थानमा अन्तरक्रिया गरिएको छ ।

विराटनगर, इलाम, पर्सा, रौतहट, जनकपुर, नुवाकोट, मकवानपुर, चितवन, कास्की, बाग्लुङ, दाङ, बाँके, सुर्खेत, कैलाली र काठमाडौंमा 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवलाको भूमिका' विषयमा अन्तरक्रिया गरिएको हो ।

**आचारसंहिता पालनामा आयोग दरिलोसँग उभियोस्**

अन्तरक्रियामा सहभागी वक्ताले भने, 'आचारसंहिता विगतमा नभएको होइन, अहिले अलि बढी विस्तृत होला, तर यहाँ मुख्य कुरा के हो भने ठूला दल र सरकारले पालना नगर्ने, आयोग उनीहरूसँगै लत्रने गरेको देखियो, त्यो अन्त्य हुन पर्‍यो । गल्ती कमजोरी गर्नेमाथि कारबाही गर्न आयोग अली दरिलो भएर उभिनुपर्‍यो ।' अघिल्लो निर्वाचनका क्रममा राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, अनुगमनकर्ता र निर्वाचनमा खटिएका कर्मचारी समेतले दिएका राय परामर्शका आधारमा आयोगले ७५३ वटै स्थानीय तहमा विभिन्न संयन्त्रमार्फत दरिलो निर्वाचन अनुगमन गर्न लागेको छ ।

प्रमुख आयुक्त थपलियाले भने, 'यसपालिको निर्वाचन आचारसंहिता पहिलेभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएको छ । निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज मात्र नभई मतदाताका लागि पनि समेटेर आचारसंहिता बनाइएको छ ।' सञ्चार र प्रविधिको विकाससँगै निर्वाचन आचारसंहिता उल्लैनका नयाँ स्वरुपका चुनौती थपिएका छन् ।

विगतका निर्वाचनमा उम्मेदवार र कार्यकर्ता एकअर्काका पोष्टर पम्प्लेट उखेल्ने, हटाउने, च्यात्ने र आपसमा लाप्पा खेल्थे भने अहिले सामाजिक सञ्जाल अर्थात् साइबरमार्फत हुन सक्ने यस्ता आचारसंहिता उल्लैनका घटना रोक्नुपर्ने चुनौती छ । आयोगलाई समयमै यी चुनौती नियमन र नियन्त्रण गर्न बुद्धिमत्तापूर्वक रणनीति बनाएर काम गर्न सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिता कार्यान्वयनमा ल्याउनु अघि राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालालाई निर्वाचन खर्च र प्रचारप्रसार लगायतका विषयमा जानकारी दिई रायसुझाव लिन यही चैत ९ देखि १७ गतेसम्म अन्तरक्रिया भइरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

**मौन अवधिको पालना खोई ?**

निर्वाचन आचारसंहिताको सबैभन्दा बढी उल्लंघन मौन अवधिमा हुँदै आएको छ । मौन अवधिमा आचारसंहिता हेर्न मुख्य जिम्मेवारीमा रहेको आयोग मौन हुने तथा मौन बस्नुपर्ने राजनीतिक दल र उम्मेदवार अझ बढी सक्रिय हुने अवस्था अन्त्य गर्न विशेष रणनीति बनाउन सुझाव दिइएको छ । आयोगले स्वतन्त्र, स्वच्छ, निष्पक्ष र मितव्ययी निर्वाचनको महत्वबारे सुसूचित गर्न अन्तरक्रियामार्फत प्राप्त सुझाव महत्वपूर्ण रहेको जानकारी दिएको छ । निर्वाचन आचारसंहिता पालना भए/नभएको तथा साइबरबाट आउन सक्ने चुनौतीबारे अनुगमन गर्न बेग्लाबेग्लै रणनीति बनाउन लागेको छ ।

नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले निर्वाचन आचारसंहिता अनुगमनका लागि केन्द्रीय निर्वाचन अनुगमन, जिल्ला अनुगमन, निर्वाचन क्षेत्र अनुगमन, स्थानीय तह निर्वाचन आचारसंहिता अनुगमन समिति, निर्वाचन आचासंहिता कार्यान्वयन अनुगमन टोली, सूक्ष्म अनुगमन टोली, आचारसंहिता अनुगमन अधिकृत लगायतको संयन्त्र रहेको बताए ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र भयमुक्त गराउन, व्यवस्थापन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गरी प्रभावकारी तुल्याउन, आचारसंहिता पालना गराउन, सरोकारवालासँग समन्वय र सहजीकरण गर्नतथा निर्वाचनमा सबैलाई समान अवसर प्रदान गर्न अनुगमनको व्यवस्था राखिएको उनले जानकारी दिए । -साभार: सेतोपाटी

# पोखरा विमानस्थलको ९३ प्रतिशत काम सम्पन्न



काल्की/पोखरामा निर्माणाधीन क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । चीनको एक्जिम बैंकको २२ अर्ब रुपैयाँ सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भइरहेको विमानस्थलको हालसम्म ९३ प्रतिशत काम सकिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाले जनाएको छ । विमानस्थलको मुख्य निर्माण कार्य र यान्त्रिक जडानको काम सकिएपछि चिनियाँ निर्माण कम्पनी सिएएमसीइले हस्तान्तरण गर्ने भएको छ ।

चीनका राज्यपरिषद् सदस्य एवं परराष्ट्रमन्त्री वाङ यीको नेपाल भ्रमणका अवसरमा शनिबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका पूर्वाधार सांकेतिकरुपमा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई हस्तान्तरण गर्ने कार्यक्रम तय गरिएको विमानस्थल आयोजना प्रमख विनेश मुनंकर्मीले जानकारी दिए ।

उनका अनुसार शनिबार साँझ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री शेरबहादुर देउवालाई चीनका परराष्ट्रमन्त्री वाङ यीले 'सिम्बोलिक की' हस्तान्तरण गर्नुहुनेछ । सोही समयमा पोखरा आयोजनास्थलमा पनि चिनियाँ निर्माण कम्पनीलाई पर्यटनमन्त्री प्रेमबहादुर आलेले कदरपत्र प्रदान गर्नुहुने कार्यक्रम रहेको आयोजनाले जनाएको छ । मुख्य निर्माण कार्य र यान्त्रिक जडानको काम सम्पन्न भएकाले विमानस्थल हस्तान्तरण गर्न लागिएको हो ।

विमानस्थलको धावनमार्ग, टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोल (एटिसी) भवनलगायत विभिन्न १४ भवन, ट्याक्सी वेलगायत मुख्य काम सकिएका छन् । विमानस्थल आयोजनाका वरिष्ठ अधिकृत सविन फुयाँलले विमानस्थलका मुख्य काम सबै सकिएको र सामान्य केही काम मात्र बाँकी रहेको बताए । सरकारले यसै वर्षभित्रमा विमानस्थल सञ्चालनमा ल्याउने योजना बनाएको छ ।

उनले भने, 'रनवे, टर्मिनल भवन, यान्त्रिक उपकरण जडान, लाइटलगायत मुख्य काम सबै सकिएको छ । फेन्सिङ, प्यासेन्जर बडी बिल्ड र नालाको केही सामान्य काम मात्र बाँकी छ । यसका लागि अब धेरै समय लाग्दैन ।' निर्माण कम्पनीसँगको सम्झौताअनुसारका आयोजनाका मुख्य काम सकिएपनि विमानस्थल सञ्चालनका लागि पूर्णरुपमा तयार हुन अझै काम बाँकी नै छन् । आयोजनाका अनुसार नेपाली पक्षले गर्नुपर्ने 'ल्याण्डफिल साइट' व्यवस्थापन, विमानस्थलको पूर्वपट्टीको रिठेपानी डाँडा कटान र 'फ्युल स्टेशन'को काम अझै सुरु हुन सकेको छैन । बाँकी कामका लागि कागजी प्रक्रिया अघि बढे पनि स्वीकृत हुन बाँकी छ । डाँडा कटानका लागि मन्त्रीपरिषद्ले पूरक प्रतिवेदन पेश गर्ने र वनसँग सम्झौता गर्ने गरी दुई पूर्व शर्तसहित यसअघिनै वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरेको थियो ।

पूरक प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेश भइसकेको र स्वीकृतिको चरणमा रहेको अधिकृत फुयाँलले बताए । विमान उडान र अवतरणको सुरक्षाका लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन अर्गनाइजेशन (आइकाओ)का मापदण्डअनुसार सो डाँडा ४० प्रतिशत कटान गर्नुपर्ने देखिएको आयोजनाले जनाएको छ । पर्यटकीय सहरका रुपमा स्थापित पोखरालाई हवाई सम्पर्कका माध्यमबाट विश्वका अन्य सहरसँग सिधा सम्पर्क कायम गर्न चार दशकअघिनै विमानस्थल बनाउने योजना अघि सारिएको थियो । लामो समयअघिको योजना विसं २०७४ मा आएर मात्र काम सुरु भएको हो ।

सन् २०२१ जुलाई १० भित्रमा काम सम्पन्न गरेर हस्तान्तरण गर्नुपर्ने सम्झौता रहे पनि कोरोना संक्रमणका कारण विमानस्थलको काम रोकिएकाले गत वर्ष थप एक वर्ष म्याद थपिएको थियो । निर्माण कम्पनी चाइना सीएएमसी इन्जिनियरिङले विसं २०७४ असारदेखि विमानस्थलको काम सुरु गरेको थियो । यसका लागि सन् २०१४ मे २२ मा नेपाल नागरिक उड्डयन प्राधिकरण र चाइना सीएएमसीबीच व्यापारिक सम्झौता भएको थियो । त्यसपछि सन् २०१६ मार्च २१ मा नेपाल सरकार र चीन सरकारबीच ऋण सम्झौता भएकामा सोही वर्षको जुन ५ मा सरकार र नागरिक उड्डयन प्राधिकरण(क्यान)बीच सहुलियत ऋण सम्झौता भएको थियो ।

चीनको एक्जिम बैंकले सन् २०१७ को मे ३१ मा ऋण स्वीकृत गरेकामा सन् २०१८ फेब्रुअरी २५ मा नेपाल सरकार, नागरिक उड्डयन प्राधिकरण र चिनियाँ एक्जिम बैंकबीच विमानस्थल निर्माणका लागि आर्थिक स्रोतको सुनिश्चिता भएपछि निर्माण कार्य अघि बढाइएको थियो ।

इपिसि (इन्जिनियरिङ प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन) मोडलमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन अर्जनाइजेशन (आइकाओ) को मापदण्ड अनुसार 'फोरडी' मोडलमा विमानस्थल निर्माण गरिएको हो । यस विमानस्थलमा बोइङ ७५७ र एयरबस २१९ मोडलका 'न्यारोबडी' विमान उडान तथा अवतरण गर्न सकिने छ ।

साविक छिनेडाँडा हाल पोखरा महानगरपालिका-१४ मा विसं २०३२ मा पहिलोपटक विमानस्थलका लागि तीन हजार १०६ रोपनी जमिन अधिग्रहण गरिएको थियो । त्यसपछि विसं ०७१/०७२ मा थप ५२१ मध्येमा ५१५ रोपनी जमिन तथा ३५ घर टहरा अधिग्रहण गरिएको थियो । पछिल्लो पटक 'आउटर पेरिफेरी रोड'का लागि भनेर पुन: ५९ रोपनी जमिन तथा ३४ घरटहरा अधिग्रहण गरिएको थियो । -साभार: अनलाईनखबर

# कपनमा आफ्नै श्रीमानले लगाए महिलामाथि आगो



काठमाडौं/ काठमाडौंको कपनमा श्रीमतीलाई आगो लगाएको आरोपमा एक युवक पक्राउ परेका छन् । सिरहाको लाहान नगरपालिका-७ घर भई बुढानीलकण्ठ नगर पालिका-१० कपन आकाशेधारा बस्ने ३० वर्षकी अस्मिता चौधरीमाथि उनकै श्रीमान ४२ वर्षका प्रवीण चौधरीले तारपिनको तेल खन्याएर आगो लगाएको प्रहरीले जनाएको छ । राति सवा नौ बजे आफ्नै एक तले टिनले छाएको टहरामा चौधरीले श्रीमतीलाई आगो लगाएको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी दिनेशराज मैनालीले जानकारी दिए । उनका अनुसार महानगरीय प्रहरी पहरा गण सामाखुशीबाट मन्त्री निवास हरिहरभवनमा कार्यरत प्रहरी सहायक निरीक्षक संयोग राईले घटना थाहा पाएपछि महानगरीय प्रहरी प्रभाग कपनको टोलीले स्थानीयबासीको सहयोगमा ढोका फोडेर महिलाको उद्दार गरेको थियो ।

घाइतेको साँखुस्थित सुष्मा मेमेरियल अस्पतालमा उपचार भइरहेको छ । शरीरको विभिन्न भाग जलेको उनी बोल्न नसक्ने अवस्थामा रहेको प्रहरीको भनाई छ । घाइतेका श्रीमान प्रवीण चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । -साभार: अनलाईनखबर

# थप ८ जनामा संक्रमण पुष्टि

काठमाडौं/ पछिल्लो २४ घण्टामा आठ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार एक हजार ६९७ पीसीआर परीक्षणमा आठ जनामा संक्रमण पुष्टि भएको हो ।

काठमाडौंमा ३ जना, ओखलढुंगा, मोरङ, स्यांजा, रोल्पा र दाङमा एक एक जनामा संक्रमण पुष्टि भएको हो । ९५९ जनामा एन्टिजेन परीक्षण गर्दा कसैमा पनि संक्रमण पुष्टि नभएको मन्त्रालयले



जनाएको हो । पछिल्लो २४ घण्टामा २१० जना कोरोना संक्रमणमुक्त भएका छन् । हाल देशमा कोरोना भाइर सको सक्रिय संक्रमितको संख्या १७५८ रहेको छ । -साभार: अनलाईनखबर

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कांग्रेस र एमालेबीच गठबन्धन हुन सक्दैन: भट्टराई

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ नेकपा एमालेका सचिव योगेश भट्टराईले नेपाली कांग्रेस र नेकपा एमालेबीच गठबन्धन हुन नसक्ने बताएका छन् ।

शनिबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता भट्टराईले देशको प्रमुख दुई शक्ति भएकोले गठबन्धन हुन नसक्ने बताएका हुन् । कांग्रेस र एमालेले चुनावी तालमेल गर्ला भन्ने पत्रकारहरुको प्रश्नमा जवाफ दिदै उनले भने 'कांग्रेस र एमाले प्रमुख दुई शक्ति हो । यी दुई शक्तिबीच नै गठबन्धन भयो भने चुनावमा प्रतिष्पर्धा गर्ने दल नै हुँदैन । त्यसैले चुनावी तालमेल हेन सक्दैन ।' उनले आगामी निर्वाचनमा एमालेले छक्का हान्ने टिप्पणी समेत गरे । पत्रकार सम्मेलनमा बोल्दै उनले आगामी निर्वाचनमा गठबन्धनले एक रन बटुल्दा एमालेले छक्का हान्ने टिप्पणी गरेका हुन् ।

'गठबन्धन एक रन बटुल्दै गर्छ, एमाले सीधै छक्का हानेर अगाडि बढ्छ । उनीहरुले एमालेलाई भेट्नै सक्दैनन्', भट्टराईले भने । देशभरमा करिब ३८ हजारमध्ये २० हजार जनप्रतिनिधि एमालेबाट बिजयी हुनेसमेत नेता भट्टराईको दाबी छ । उनले माधव नेपालले राजनीतिबाट सन्यास लिने बेला भएकोसमेत टिप्पणी गरे । भट्टराईले माधव नेपाल राजनीतिबाट अवकाश हुने बेला भइसकेको भन्दै सन्यासी भाषामात्रै प्रयोग गर्न आग्रह गरे ।

एमालेले राप्रपासँग चुनावी तालमेल गर्ने विषयमा माधव नेपालको अभिव्यक्तिबारे पत्रकारहरुले सोधेको प्रश्नमा भट्टराईले भने 'राजनीतिबाट अवकाश पाउने बेला भइसकेको मान्छेले यस्तो छुद्र बोलेको सुहाउँदैन । उहाँले त अब सन्यासी भाषामात्रै बोल्ने हो ।' नेता भट्टराईले अरु दलसँग दलाली गरेर एमालेसँग फाइदा लिन नआउन प्रचण्डलाई आग्रहसमेत गरे ।

# मकवानपुरलाई प्रदेश महिला फुटबलको उपाधि



हेटौंडा, १२ चैत/ प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगता अन्तर्गत् महिला फुटबलको उपाधि मकवानपुरले जितेको छ ।

शनिबार सम्पन्न खेलमा धादिङलाई १-० गोलले पराजित गर्दै मकवानपुरले महिला फुटबलको उपाधि उचालेको हो । प्रतियोगिता अन्तर्गत् भएको फाइनल खेलमा पहिलोपटक उपाधि जित्न सफल भएको हो । निकै प्रतिस्पर्धात्मक बनेको फाइनल खेलको पहिलो र दोस्रो हाफमा दुबै टोलीले गोल गर्न सकेनन् । दोस्रो हाफको इन्जुरी समयमा गोल गर्दै मकवानपुरले उपाधि जितेको हो । मकवानपुरका लागि सञ्जिता बोम्जनले गोल गरिन् । उनले खेलको इन्जुरी समयमा गरेको गोल उपाधि जित्न निर्णायक बन्यो । सञ्जिता म्यानअफ द म्याच घोषित भइन् । पुरुष फुटबलको उपाधि पनि मकवानपुरले नै जितेको थियो ।

# मकवानपुर मुद्रण उद्योग संघ अध्यक्षमा नेपाल

साझाकुरा संवाददाता



हेटौंडा, १२ चैत/ मकवानपुर मुद्रण उद्योग संघको अध्यक्षमा राजु नेपाल सर्वसम्मत चयन भएका छन् ।

संघका अध्यक्ष अजीव भट्टराईको सभाध्यक्षता तथा केन्द्रीय सदस्य ईन्द्र नेपालको प्रमुख आतिथ्यतामा हेटौंडामा शनिबार सम्पन्न साधारणसभा तथा अधिवेशनले नेपालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको उपाध्यक्षमा खिलप्रसाद पौडेल, सचिव पुर्षोत्तम ढकाल र कोषाध्यक्ष शंकर खड्की तथा कार्यसमिति सदस्यहरु भानुभक्त चौलागाई र विष्णुप्रसाद नेपाल चयन भएका छन् । कार्यक्रममा संघका पूर्वअध्यक्ष गोकर्ण सुवेदी, मकवानपुर च्याम्बर अफ कमर्शका अध्यक्ष माधव न्यौपानेको आतिथ्यता एवम् मकवानपुरका मुद्रण व्यवसायीहरुको उपस्थिति थियो ।

# कांग्रेस प्रतिनिधिसभा १ (क) मा ६ मनोनित

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ नेपाली कांग्रेस प्रतिनिधिसभा १ अन्तर्गत्को प्रदेशसभा क कार्यसमिति सदस्यमा ६ जना मनोनित भएका छन् ।

शनिबार हात्तीसुँडेमा बसेको बैठकले कोषाध्यक्ष सहित ६ जना सदस्यलाई मनोनित गरेको हो । बैठकबाट नेपाली कांग्रेसको विधान २०१७ को धारा १० उपधारा ४ (ख) बमोजिम कोषाध्यक्ष र सदस्य मनोनित गरेको जनाइएको छ । समिति प्रवक्तामा मोहन ढकाल चयन भएका छन् । कोषाध्यक्षमा छायाँ अधिकारी मनोनित भएकी छन् । सदस्यहरुमा सन्तोष परियार, श्रावण कुमार मिश्र, फूलराज थिङ, ठाकुर बोलखे, शुक्रराम राई र शन्तबहादुर भोलन मनोनित भएका हुन् ।

# बुद्धिचाल प्रतियोगिताको उपाधि भण्डारीको पोल्टामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ हेटौंडा मेयर कप रेपिड बुद्धिचाल प्रतियोगिता-२०७८ को उपाधि हेटौंडाका क्षितिज भण्डारीको पोल्टामा परेको छ ।

नेपाल खेलकुद महासंघ र बागमती प्रदेश बुद्धिचाल संघको आयोजनामा भएको प्रतियोगिताको फाइनल खेलमा काठमाडौंका मनिष हमाललाई हराउँदै भण्डारीले प्रतियोगिताको उपाधि आफ्नो पोल्टामा पारेका हुन् । भण्डारीले ६ अंक प्राप्त गर्दै नगद ५० हजार रुपियाँ हात पारे । यस्तै, हेटौंडाका कृष्ण थापा ५.५ अंकका साथ द्वितीय भए । उनले नगद २५ हजार रुपियाँ प्राप्त गरेका छन् । तृतीय भएका झापाका प्रकाशचन्द्र नेपालले पनि ५.५ अंकसहित नगद १५ हजार रुपियाँ हात पार्न सफल भए । यस्तै, चौथो भएका सुमन श्रेष्ठ र पाँचौ भएका मनिष हमालले समान ५.५ अंक प्राप्त गरे । दुबै जनाले नगद १०/१० हजार रुपियाँ प्राप्त गरेका छन् । यस्तै, रुपेश जैसवालले ५, राजन सुवेदीले ५, श्रीकृष्ण श्रेष्ठले ५, सुस्त दाहालले ४.५ र आषिश फुयाँलले ४.५ अंक पाएका छन् । सबैले समान ७-७ हजार रुपियाँ प्राप्त गरे । प्रतियोगितामा देशभर बाट ५४ जना खेलाडी सहभागी थिए । महासंघ मकवानपुर अध्यक्ष सविन मोक्तानको अध्यक्षता तथा बागमती प्रदेशको पूर्व मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा पुरस्कार वितरण कार्यक्रम भएको थियो ।

## पिप्लेकुनामा किरियापुत्री भवन

हेटौंडा, १२ चैत/ हेटौंडा-५, पिप्लेकुनामा किरियापुत्री भवनको उद्घाटन गरिएको छ । शनिबार हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले भवनको उद्घाटन गरेका हुन् । हेटौंडा-५ पिप्ले युवा क्लबका अध्यक्ष सुशील घिमिरेको अग्रसरतामा किरियापुत्री भवन निर्माण गरिएको हो । भवन निर्माणका लागि हेटौंडा उपमहानगरपालिकाबाट ५ लाख रुपियाँ, स्थानीय समाजसेवी भैरव सुवेदीबाट २ लाख रुपियाँ, समाजसेवी केशव सापकोटाबाट १५ हजार रुपियाँ सहयोग प्राप्त भएको जनाइएको छ ।


## हार्दिक आभार



मकवानपुर मुद्रण उद्योग संघको शनिबार हेटौंडामा सम्पन्न अधिवेशनबाट मलाई सर्वसम्मतरुपमा गरिमामय अध्यक्ष पदमा चयन गर्न सहयोग गर्ने सम्पूर्ण सदस्यज्यूहरु, निर्वाचन समिति तथा अन्य सहयोगी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा यहाँहरुको सल्लाह, सुझावबाट अगाडि बढ्दै संघमा आबद्ध सदस्यज्यूहरुको वृहत्तर हीतमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

राजु नेपाल (अध्यक्ष) एवम्
**मकवानपुर मुद्रण उद्योग संघ**
जिल्ला कार्यसमिति, परिवार

## हार्दिक बधाई




मकवानपुर मुद्रण उद्योग संघको शनिबार हेटौंडामा सम्पन्न अधिवेशनबाट यस साझाकुरा राष्ट्रिय दैनिकका प्रमुख प्रेस अपरेटर **श्री भानुभक्त चौलागाई** सदस्य पदमा तथा अध्यक्ष पदमा हाम्रा शुभचिन्तक श्री राजु नेपाल सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सविन न्यौपाने (प्रकाशक)
सरला खनाल (सम्पादक) एवम्
**साझाकुरा राष्ट्रिय दैनिक, परिवार**

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## हार्दिक समवेदना



जन्म: २०४८/०७/१३
स्वर्गारोहण: २०७८/१२/१०

हेटौंडा-८, कमाने घर भई यस डिभिजन वन कार्यालय राप्ती, मनहरीमा कार्यरत् अत्यन्त मिलनसार, लगनशिल, इमान्दार, कर्तव्यनिष्ट तथा आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध कर्मचारी **प्रमोदकुमार रिमाल**को यही मिति २०७८/१२/१० गतेका दिन कार्यालय कामको सिलसिलामा फिल्डबाट कार्यालयतर्फ आउँदै गर्दा भीमफेदी-१, भैंसे नजिकै सुन्दरीमाई भन्ने स्थानमा मोटर साइकल दुर्घटनामा परी अल्पायूमै भएको अकल्पनीय तथा असामयिक निधनले हामी अत्यन्त मर्माहत् र स्तब्ध भएका छौं । दु:खको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकूल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।


डिभिजनल वन अधिकृत विष्णुप्रसाद आचार्य तथा
**डिभिजन वन कार्यालय**
**राप्ती, मनहरी मकवानपुर परिवार**

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परि वर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## ट्राफिक नियमको पालना गरौ ।

- बाटो काट्दा जेब्रा क्रसिङ्गको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।
- सडक दुर्घनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## डबल ब्ल्याक खाजा

स्वादिष्ट परिकारहरु:

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज**
कफि पिउँदा

स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.


| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

**www.sajhakuranews.com**
साझाकुरा
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना